# मृगौला फेल

## Kidney Failure

Your kidneys have an important job. They remove wastes and extra fluid from the blood in your body. This waste and extra fluid is removed from your body through your urine.

If your kidneys are not working as they should, or the waste builds up in your body, it can make you sick. This can also be called kidney failure.

With kidney failure, the kidneys cannot get rid of the body's extra fluid and waste. This can happen because of disease or damage from an injury.

The kidneys:

- Get rid of excess water and waste products
- Adjust the fluid and chemicals needed by the body
- Control blood pressure
- Control the hormones in the body that make new red blood cells

The kidneys take excess water and waste products from the blood and turn it into urine. Urine is then passed out of the body. Most people have 2 kidneys. A person can live a healthy life with one kidney.

There are 2 kinds of kidney failure, often called acute and chronic when referring to kidney disease.

तपाईंको मृगौलाको महत्त्वपूर्ण काम छ। तिनीहरूले तपाईंको शरीरमा रगतबाट विकारहरू र अतिरिक्त तरल पदार्थ हटाउँछन्। यी विकार र अतिरिक्त तरल पदार्थ पिसाबमार्फत् तपाईंको शरीरबाट हटाइन्छ।

यदि तपाईंको मृगौलाले गर्नुपर्ने काम गरिरहेको छैन, वा तपाईंको शरीरमा फोहोर जम्मा भयो भने, यसले तपाईंलाई बिरामी पार्न सक्छ। यसलाई मृगौला फेल पनि भन्न सकिन्छ।

मृगौला फेल हुँदा, मृगौलाले शरीरको अतिरिक्त तरल पदार्थ र विकारबाट छुटकारा पाउन सक्दैन। यो रोग वा चोटबाट पुगेको क्षतिको कारण हुन सक्छ।

मृगौलालेः

- अतिरिक्त पानी र विकारजन्य उत्पादनहरूबाट छुटकारा दिन्छ
- शरीरलाई चाहिने तरल पदार्थ र रसायनहरू समायोजन गर्छ
- रक्तचाप नियन्त्रण गर्छ
- शरीरमा नयाँ रातो रक्तकोशिकाहरू बनाउने हर्मोनलाई नियन्त्रण गर्छ

मृगौलाले रगतबाट अतिरिक्त पानी र फोहोर पदार्थ लिन्छ र पिसाबमा परिणत गर्छ। त्यसपछि पिसाब शरीरबाट बाहिर निस्कन्छ। धेरैजसो मानिसको 2 वटा मृगौला हुन्छ। मानिस एउटा मृगौलाले स्वस्थ जीवन बिताउन सक्छ।

मृगौला फेल 2 प्रकारका हुन्छन्, जसलाई मृगौला रोगको सन्दर्भमा एक्युट र क्रोनिक भनिन्छ।



## Acute Kidney Failure

Acute kidney failure is a sudden loss of kidney function that happens within hours or days. Causes may include:

- Severe infections
- Severe burns
- Injury to or blockage of the blood flow to the kidneys
- Some medicines, and alcohol or drug abuse
- Low blood pressure
- Blockage in the urinary tract
- Heart failure

The kidneys can often get better when the cause of the problem is found and treated. Dialysis may be needed to help remove waste from the body until the kidneys are working again.

## एक्युट मृगौला फेल

एक्युट मृगौला फेल भनेको मृगौलाको कार्यमा अचानक कमी आउनु हो जुन घण्टा वा दिनभित्र हुन्छ। कारणहरूमा निम्नहरूलाई समावेश गर्न सकिन्छ:

- गम्भीर संक्रमण
- गम्भीररूपले जल्नु
- मृगौलामा चोट वा रगत प्रवाहमा अवरोध
- केही औषधिहरू, र रक्सी वा लागूपदार्थ दुरुपयोग
- न्यून रक्तचाप
- पिसाब नलीमा अवरोध
- हृदयघात

समस्याको कारण पत्ता लगाएर उपचार गर्दा मृगौला प्रायः राम्रो हुन सक्छ। मृगौलाले पुनः काम नगरुन्जेल शरीरबाट फोहोर हटाउन मद्दत गर्न डायलासिस गर्नुपर्ने हुन सक्छ।

## Chronic Kidney Failure

Chronic kidney failure occurs when the kidneys slowly lose their function. It is a lifelong disease that does not get better.

Causes of kidney failure may include:

- Diseases such as diabetes, high blood pressure, and heart disease
- Kidney stones
- Blockage or problems in the urinary tract
- Lupus, an autoimmune disease
- Scleroderma, a skin and connective tissue disorder
- Chronic infections, which is infection that is ongoing or keeps coming back
- Some medicines taken over time for other conditions, and alcohol or drug abuse

## क्रोनिक मृगौला फेल

मृगौलाले बिस्तारै काम गर्न छोड्दा क्रोनिक मृगौला फेल हुन्छ। यो जीवनभर निको नहुने रोग हो।

मृगौला फेल हुनुका कारणहरूमा निम्नहरू समावेश हुन सक्छन्:

- मधुमेह, उच्च रक्तचाप, हृदयरोग जस्ता रोगहरू
- मृगौलाको पत्थरी
- पिसाब नलीमा अवरोध वा समस्या
- लुपस, एक स्व-प्रतिरक्षित रोग
- स्क्लेरोडर्मा, एक छाला तथा संयोजक तन्तु विकार
- पुरानो संक्रमण, जुन संक्रमण रहिरहन्छ वा बल्झिरहन्छ
- अन्य रोगहरूको लागि लामो समयसम्म खाइने औषधिहरू, र रक्सी वा लागूपदार्थको दुरुपयोग

Signs of chronic kidney failure include:

- Swelling in the body, such as hands, face, legs, and/or feet
- Changes in how often you need to urinate
- Feeling very tired or weak
- Headache and confusion
- Nausea or vomiting
- Loss of appetite
- Feeling short of breath
- Itchy skin

क्रोनिक मृगौला फेल भएका लक्षणहरूमा निम्नहरू समावेश छन्:

- शरीरका विभिन्न भाग सुन्निने, जस्तै हात, अनुहार, खुट्टा र/वा पैताला
- तपाईंले फेर्नुपर्ने पिसाबको पटकमा परिवर्तन
- धेरै थकान वा कमजोरी महसुस
- टाउको दुखाइ र भ्रम
- वाकवाकी लाग्ने वा वान्ता हुने
- खानामा रूचि नहुनु
- सास फेर्नमा कठिनाइ
- छाला चिलाउने

There is no cure for chronic kidney failure. It is treated with diet changes, fluid limitations, medicines, and lifestyle changes. When the kidneys lose most of their function, called end-stage renal failure, dialysis is needed several days a week. End-stage renal failure or disease affects your whole body. It can cause serious heart, bone, lung, blood, and brain problems. A kidney transplant may also be a treatment option.

क्रोनिक मृगौला फेलको कुनै उपचार छैन। यसको उपचार आहार परिवर्तन, तरल पदार्थमा सीमितता, औषधि, र जीवनशैलीमा परिवर्तन गरेर गरिन्छ। जब मृगौलाले आफ्नो अधिकांश काम गर्न छोड्छ, त्यसलाई अन्तिम चरणको मृगौला फेल भनिन्छ, हप्तामा धेरै दिन डायलासिस आवश्यक हुन्छ। अन्तिम चरणको मृगौला फेल वा रोगले तपाईंको सम्पूर्ण शरीरलाई असर गर्छ। यसले मुटु, हाड, फोक्सो, रगत र मस्तिष्कमा गम्भीर समस्या निम्त्याउन सक्छ। मृगौला प्रत्यारोपण उपचारको विकल्प हुन सक्छ।

**Talk to your doctor or nurse if you have any questions or concerns.**

**यदि तपाईंका कुनै प्रश्नहरू वा सरोकारहरू छन् भने आफ्नो चिकित्सक वा नर्ससँग कुरा गर्नुहोस्।**

© 2008 – October 27, 2022, Health Information Translations

Unless otherwise stated, user may print or download information from www.healthinfotranslations.org for personal, non-commercial use only. The medical information found on this website should not be used in place of a consultation with your doctor or other health care provider. You should always seek the advice of your doctor or other qualified health care provider before you start or stop any treatment or with any questions you may have about a medical condition. The Ohio State University Wexner Medical Center, Mount Carmel Health System, OhioHealth and Nationwide Children's Hospital are not responsible for injuries or damages you may incur as a result of your stopping medical treatment or your failure to obtain treatment.